**किस्पाङ गाउँपालिका, गाउँ सभाको मिति २०८२ असार १० गते बसेको १६ औं अधिवेशनको बैठकको निर्णयहरु**

१. किस्पाङ गाँउपालिका गाउँकार्यपालिकाबाट पेश भई आएको आर्थिक विधेयक, २०८२ मा दफावार छलफल भएकोले उक्त विधेयक सर्वसम्मतले स्वीकृत भएको निर्णय गरियो ।

२. यस गाउँपालिकाको गाउँ कार्यपालिकबाट पेश भई आएको विनियोजित विधेयक, २०८२ मा दफावार छलफल भएकोले उक्त विधेयक स्वीकृत गर्ने सर्वसम्मतले निर्णय गरियो ।

३. यस गाउँपालिकाको अध्यक्ष श्री विरबल तामाङले यस गाउँ सभामा प्रस्तुत गर्नु भएको बार्षिक नीति तथा कार्यक्रम, २०८२ मा दफाबार छलफल भएकोले उक्त **बार्षिक नीति तथा कार्यक्रम, २०८२** सर्वसम्मतले स्वीकृत गर्ने ।

४. यस गाउँपालिकाको उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेले यस गाउँ सभामा प्रस्तुत गर्नु भएको बार्षिक बजेट २०८२/८३ मा दफाबार छलफल भएकोले संलग्न अनुसूची अनुसारको **बार्षिक बजेट २०८२/८३** सर्वसम्मतले स्वीकृत गर्ने ।

५. यस गाउँपालिकाको आ.ब. २०८०/८१ को अन्तिम लेखा परिक्षण अनुसारको यथार्थ आय/व्यय विवरणमा सर्वसम्मत अनुमोदन गरियो ।

६. यस गाउँपालिकाको न्यायिक समितिबाट पेश भएको यस आ.ब.२०८०/८१ र २०८१/८२ को जेष्ठ मसान्त सम्मको न्यायिक समितिबाट कार्य सम्पादन भएको प्रतिवेदन सर्वसम्मतले स्वीकृत गर्ने ।

७. चालु आ.ब. २०८१/८२ को शुरुवात देखि हाल सम्म यस गाउँपालिकाले गरेको निर्णयहरु तथा खर्चहरु, न्यायिक समितिका काम कारवाही तथा निर्णयहरु, विषयगत समितिको निर्णयहरु, गाउँकार्यपालिकाबाट भएका निर्णयहरु, वडा समिति तथा वडा कार्यालय र शाखा/इकाईबाट भएका कामकारवाही तथा खर्चहरुलाई सर्वसम्मतले पारित गर्ने।

८. चालु आ.ब. २०८१/८२ को लागि आर्थिक कारोबार सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत तथा लेखापालको संयुक्त दस्तखतमा खाता सञ्चालन भएकोमा सो बमोजिम प्रमुख प्रशासकीय अधिकृत र लेखापालको दस्तखतमा भएको सम्पूर्ण आर्थिक कारोबार अनुमोदन गर्ने।

९. यस गाउँपालिकाको आ.ब. २०८१/८२ स्वीकृत बार्षिक बजेट अनुसारको केही योजना तथा कार्यक्रमको भुक्तानी गर्नको लागि संघीय सरकारबाट प्राप्त हुने तथा अन्य अनुदानको केही प्रतिशत रकम प्राप्त भइ नसकेकोले उक्त योजना तथा कार्यक्रमको भुक्तानीको लागि अर्को आ.ब. २०८२/८३ मा दायित्व एकिन गरी भुक्तानी दिन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

१०. किस्पाङ बहु प्राविधिक शिक्षालय सञ्चालन ऐन (पहिलो संशोधन) विद्येयक२०८२ माथी दफावार छलफल गर्दा उक्त विद्येयक लाइ स्वीकृत गर्ने।

११. पोषण मैत्री स्थानीय शासन प्रवर्धनका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने ।

१२. **किस्पाङ बहुप्राविधिक शिक्षालयको** लागि खेल मैदान तथा शिक्षालय लाई आवश्यक पर्ने संरचना भवन निर्माणको लागि श्री ऐसेलु भूमे माध्यामिक विद्यालयको नाममा दर्ता कायम रहेको नुवाकोट जिल्ला किस्पाङ गाउँपालिका साविक काहुले गा.वि.स.वडा नं ७ मा रहेको कि.न.७०३ क्षेत्रफल २-१५-०-० जग्गा ४० वर्ष सम्म निःशुल्क उपलब्ध गराउने विषयमा विद्यालय व्यवस्थापन समितिको मितिः२०८२/०३/०५ गतेको निर्णयबाट सहमती समेत भई आएकोमा उक्त निर्णयलाई समर्थन गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (ज) ९ अनुसार किस्पाङ बहुप्राविधिक शिक्षालयको लागि खेल मैदान/भवन/ अन्य संरचना निर्माण कार्य अगाडी वढाउने निर्णय गरियो । साथै उक्त जग्गा संगै जोडिएको अन्य जग्गा समेत शिक्षालयले संरक्षण गर्ने निर्णय गरीयो ।

१३. लेखा समितिका प्रस्ताव उपर निर्णयहरु

निर्णयहरु

दफा २१ गत बर्षको भुक्तानी

नियम सम्मत नदेखिएको रु २७०००० लाई एक पल्टको लागि नियमित गरी बेरुजु फछ्र्यौटको लागि गाँउसभामा पेश गरिएकोमा बेरुजु फछ्र्यौट गर्ने।